**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा, भेटेरिनरी/ला.पो. एण्ड डे.डे./फिसरिज समूह, चौथो तह, ना.प.स्वा.प्रा./ना.प.से.प्रा./ना.प्रा.स. पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइने छ :**

प्रथम चरणः लिखित परीक्षा — पूर्णाङ्कः २००

द्वितीय चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता — पूर्णाङ्क :- ४०

**परीक्षा योजना (Examination Scheme)**

**प्रथम चरणः लिखित परीक्षा**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धित कार्य-ज्ञान (Job related-knowledge) | १०० | ४० | वस्तुगत (बहुवैकल्पिक) प्रश्न (MCQs) | Section A: २० प्रश्नx२ अङ्क=४० अङ्क<br>Section B: २० प्रश्नx२ अङ्क=४० अङ्क<br>Section C: १० प्रश्नx२ अङ्क=२० अङ्क | ४५ मिनेट |
| द्वितीय | | १०० | ४० | विषयगत (Subjective) | Section A: २ प्रश्नx १० अङ्क=२०अङ्क<br>४ प्रश्नx ५ अङ्क=२० अङ्क<br>Section B: २ प्रश्नx १० अङ्क=२०अङ्क<br>४ प्रश्नx ५ अङ्क=२० अङ्क<br>Section C: ४ प्रश्नx ५ अङ्क=२० अङ्क | २ घण्टा ३० मिनेट |

**द्वितीय चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | परीक्षण प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | २० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ३० | मौखिक (Oral) | - |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रमको योजनालाई प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा विभाजन गरिएको छ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा पाठ्यक्रमको विषयवस्तु जुन भाषामा दिइएको छ सामान्यतया सोही भाषा नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषा हुनेछ। तर विषयवस्तुलाई स्पष्ट गर्नुपर्ने अवस्थामा दुवै भाषासमेत प्रयोग गर्न सकिने छ।

३. परीक्षार्थीले उत्तर नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै भाषामा लेख्न सक्नेछन्।

४. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

५. वस्तुगत वा बहुवैकल्पिक (Multiple Choice) प्रश्नको उत्तर गलत दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। उत्तर नदिएको अवस्थामा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. वस्तुगत (बहुवैकल्पिक) प्रश्न हुने परीक्षामा OMR उत्तरपुस्तिका प्रयोग हुनेछ। OMR उत्तरपुस्तिकाको विवरण खण्डमा सबै विवरण कालो मसी भएको कलम/डटपेनले लेखी उत्तरपुस्तिकामा दिइएको निर्देशन बमोजिम निर्दिष्ट गरिएको घेराभित्र नमूनामा देखाइए अनुसार पूरा भरिने गरी Bubble लगाउनु पर्नेछ। उत्तरपुस्तिकामा लेख्नुपर्ने विवरण बाहेक अन्यत्र दाग लगाउन वा कोर्न वा पट्याउन वा खुम्च्याउन हुँदैन। उत्तरपुस्तिकामा अन्य कुनै सङ्केत गरेको भए त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

७. बहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरूको हकमा तोकिएको अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिने छ।

९. विषयगत प्रश्न हुने पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उक्त उत्तरपुस्तिका परीक्षण हुनेछैन। थप कपीको प्रयोग भएमा सोही खण्डको उत्तरपुस्तिकामा नत्थी गर्नु पर्नेछ।

१०. परीक्षामा सोधिने प्रश्नसङ्ख्या, अङ्क र अङ्कभार यथासम्भव परीक्षा योजनामा उल्लेख भए अनुसार हुनेछ।

११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१२. प्रथम चरण (First Phase) अन्तर्गत प्रथम पत्रको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरू मात्र द्वितीय पत्रको लिखित परीक्षामा सम्मिलित हुन पाइने छ।

१३. **परिमार्जित यो पाठ्यक्रम आ.व. २०८३/०८४ देखि प्रकाशित हुने विज्ञापनहरूमा लागू हुनेछ ।**

**पाठ्यक्रम लागू हुने मितिः २०८३/४/१**

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा, भेटेरिनरी/ला.पो. एण्ड डे.डे./फिसरिज समूह, चौथो तह, ना.प.स्वा.प्रा./ना.प.से.प्रा./ना.प्रा.स. पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## प्रथम र द्वितीय पत्र

## सेवासँग सम्बन्धित कार्य-ज्ञान (Job based knowledge)

## खण्ड-क (Section- A)

**१. कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी सामान्य जानकारी**

- १.१ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा नियमावली, २०५६
- १.२ पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ तथा नियमावली, २०५७
- १.३ दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१
- १.४ पन्छीपालन नीति, २०६८
- १.५ पशु ढुवानी मापदण्ड, २०६४
- १.६ राष्ट्रिय पशु प्रजनन नीति, २०७८
- १.७ राष्ट्रिय दुग्ध विकास नीति, २०७८
- १.८ राष्ट्रिय मत्स्य विकास नीति, २०७९
- १.९ पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९
- १.१० कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ तथा नियमावली, २०७८ (कोशी प्रदेश)
- १.११ कोशी प्रदेशको आवधिक योजनामा पशुपन्छी र मत्स्य क्षेत्रको प्राथमिकता, लक्ष्य, उद्देश्य, कार्यक्रम एवं कार्यान्वयन रणनीति
- १.१२ वर्तमान संघीय, प्रादेशिक र स्थानीय तहमा कृषि सेवाको संरचना
- १.१३ कृषि, पशुपन्छी र मत्स्य अनुसन्धानको संरचना तथा भूमिका
- १.१४ नेपालमा पशुपन्छी तथा मत्स्यपालनको संक्षिप्त इतिहास, वर्तमान अवस्था र उत्पादन
- १.१५ नेपाल र कोशी प्रदेशको अर्थतन्त्रमा पशुपन्छी तथा मत्स्य विकासको महत्व तथा योगदान र यी क्षेत्रका र प्रमुख समस्याहरू
- १.१६ पशुपन्छी तथा मत्स्य विकासका लागि कार्यक्रम तर्जुमा र कार्यक्रम तर्जुमाका आधारहरू र प्रदेश र स्थानीय सरकारको भूमिका
- १.१७ संघीयतामा पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास कार्यक्रममा प्रदेश तथा स्थानीय तहहरूको भूमिका
- १.१८ कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९
- १.१९ पशुपन्छी तथा मत्स्यको दिगो एवं व्यावसायिक उत्पादन
- १.२० पशुपन्छी र मत्स्य विकासमा तालिम तथा प्रविधि नवप्रर्वद्धन उद्यमशिलता
- १.२१ पशुपन्छी र मत्स्य विकासमा सार्वजनिक निजी र सहकारी क्षेत्रको भूमिका र कानुनी व्यवस्था
- १.२२ कार्यक्रम कार्यान्वयनमा सुपरिवेक्षण, अनुगमन एवं मूल्याङ्कनको भूमिका
- १.२३ पशुपन्छी क्षेत्रको विकासमा पूँजी, प्रविधि पूर्वाधार र प्रसारको महत्व
- १.२४ कृषि विकास रणनीति र दिगो विकास लक्ष्यमा पशुपन्छी र मत्स्य क्षेत्र सम्बन्धी व्यवस्था परिलक्षित गरेका कृषि सम्बन्धी प्रमुख उद्देश्यहरू
- १.२५ विश्व पशु स्वास्थ्य संगठन (WOAH) सम्बन्धी सामान्य जानकारी
- १.२६ पशु कल्याण निर्देशिका, २०७३

**२. भेटेरिनरीः**

- २.१ आन्तरिक परजीवी (Internal Parasite): नाम्ले जुका (Liverfluke), गोलो जुका (Round Worm), फिते जुका (Tape Worm), कक्सिडियोसिस (Coccidiosis), रक्त परिजीवी (Blood protozoan diseases) का प्रमुख लक्षण, उपचार तथा रोकथाम
- २.२ वाह्य परजीवी (External Parasite): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, उपचार तथा रोकथाम
- २.३ प्रमुख ब्याक्टेरियल रोगहरू (Bacterial Diseases): भ्यागुते रोग (Haemorrhagic septicaemia), पटके रोग (Anthrax), चरचरे रोग (Black quarter), इन्टेरोटोक्सेमिया (Enterotoxemia), थुनेलो (Mastitis), क्षयरोग र जोन्सरोग (Tuberculosis & John's Disease), काफ स्कोर र कोलिव्यासिलोसिस (Calf Scour & Colibacillosis), फाउलटाइफाइड (Fowl typhoid), कुखुराको हैजा (Fowl Cholera), पुलोरम (Pullorum), खुर कुहिने रोग (Foot Rot), ब्रुसेलोसिस (Brucellosis) र माइकोप्लाज्मोसिस (Mycoplasmosis) आदिका प्रमुख लक्षण, उपचार तथा रोकथाम

२.४ प्रमुख भाइरल रोगहरू (Viral Diseases): पि.पि.आर (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), एभियन लिम्फोइड ल्युकोसिस (Avian lymphoid leucosis), खोरेत (Foot & Mouth Disease), लम्पी स्किन डिजिज (Lumpy skin disease), रेविज (Rabies), स्वाईनफिभर (Classical/African Swine Fever), Porcine reproductive and respiratory syndrome,कुखुराको विफर (Fowl Pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) तथा म्यारेक्स रोग (Marek's Disease) आदिका प्रमुख लक्षण, उपचार तथा रोकथाम

२.५ गाइ भैसीमा प्रजनन सम्बन्धी विकृति (Reproductive Disorders) तथा समस्याहरूको कारण, लक्षण, उपचार तथा रोकथाम

२.५.१ साल नझर्ने (Retention of Placenta)

२.५.२ तुहिने (Abortion)

२.५.३ डिस्टोकिया (Dystokia)

२.५.४ बाँझोपन (Infertility) संक्रामक रोगहरूबाट र पौष्टिक तत्त्वको कमीबाट हुने

२.६ प्राथमिकता प्राप्त जुनोटिक रोगहरू (Zoonotic diseases): दूध तथा मासुबाट सर्ने रोगहरू

२.७ पशुपन्छीमा भिटामिन र खनिजको कमीबाट हुने रोगहरू

२.८ गाई भैंसी हुने मेटाबोलिक रोगहरू (Metabolic Diseases): Milk fever, Ketosis, Downers cow syndrome, Hypomagnesemia

२.९ ढुसी तथा ढुसीजन्य पर्दाथबाट हुने रोगहरू (Fungal and mycotoxin diseases)

२.१० पशुपन्छी रोग निदानका आधारभूत प्रयोगशाला प्रविधिहरू (गोबर, दूध, रगत, पिसाब, चर्मरोग, आदि)

२.११ आधारभूत प्रयोगशाला उपकरणहरू तथा निर्मलीकरणका तरीकाहरू

२.१२ रोग पहिचानको लागि नमूना संकलन तथा संप्रेषण विधि

२.१३ Vaccination schedule for poultry, cow, buffalo, goat/sheep, pig.

२.१४ एन्टिमाईक्रोवियल रेसिस्ट्यान्सको अवधारणा (Antimicrobial resistance): एन्टिबायोटिक रेजिड्यु

## खण्ड (Section- B)

### ३. लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१ गाईभैंसीका जातहरू, तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.१.१ गाईका उन्नत जातः जर्सी, होलिस्टन फ्रिजियन, ब्राउन स्वीस, हरियाना, साहिवाल

३.१.२ गाईका स्थानीय जातः सिरी, अछामी, लुलु, खैला, तराई गाई, पहाडी गाई, चौंरी

३.१.३ भैंसीका उन्नत जातः मुर्रा, निलीरवि, जफरावादी

३.१.४ भैंसीका स्थानीय जातः लिमे, पारकोटे र गड्डी

३.२ उन्नत तथा स्थानीय जातका बाख्राहरू, तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.२.१ उन्नत जातहरूः जमुनापारी, वोयर, बारबरी, सानन्, बिटल

३.२.२ स्थानीय जातहरूः च्याँङ्ग्रा, सिन्हाल, खरी (पहाडी), तराई बाख्रा

३.३ उन्नत तथा स्थानीय जातका भेडाहरू, तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.३.१ उन्नत जातहरूः मेरिनो, रामबुलेट, पोलवर्थ, वोर्डरलाइसेयटर, रोमनीमार्स

३.३.२ स्थानीय जातहरूः भ्याङ्गलुङ्ग, बरुवाल, कागे, लाम्पुच्छ्रे

३.४ उन्नत तथा स्थानीय जातका सुंगुरहरू, तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.४.१ उन्नत जातहरूः ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर, ड्युरोक, पाख्रिबास कालो

३.४.२ स्थानीय जातहरूः च्वाँचे, हुर्रा, बामपुड्के

३.५ उन्नत तथा स्थानीय जातका कुखुराहरू

३.५.१ उन्नत जातहरूः न्यूहेम्पशायर, अष्ट्रालोर्प, व्हाईट लेगहर्न, गिरीराज, कडकनाथ

३.५.२ स्थानीय जातहरूः साकिनी, घाँटिखुइले, प्वाँखउल्टे

३.६ टर्की, बट्टाई, हाँस, लौकाटको शारीरिक तथा उत्पादन विशेषताहरू

३.७ खरायोः ऊन तथा मासुको लागि पालिने खरायोका जातहरू र तिनीहरूको विशेषता

३.८ पशुपन्छीमा नश्ल सुधारका उपायहरू त्यसको महत्व र प्राविधिक पक्ष

३.९ भाले खोजेको पोथीको लक्षण तथा प्रजनन गराउने उपयुक्त समय

३.१० कृत्रिम गर्भाधानको महत्व र विधि, यसमा प्रयोग हुने उपकरणहरू, ऋतुचक्र, प्रजननसँग सम्बन्धित हर्मनहरू
३.११ पौष्टिक तत्वहरूको वर्गीकरण तथा तिनका गुणहरू
३.१२ पशुपन्छीहरूको लागि सन्तुलित दानाको महत्व र तयार गर्ने विधि
३.१३ घाँसपात संरक्षणः हे र साइलेज बनाउने विधि, महत्व र गुणहरू
३.१४ परालमा पोषण तत्व बृद्धिको लागि उपचार विधि
३.१५ स्थानीय र उन्नत चरन घाँस तथा खेतीको तरीका पशु आहारको लागि महत्वपूर्ण मानिएका कोसे अकोसे र डाले घास सम्बन्धी जानकारी
 ३.१५.१. कोसे घाँसः- स्टाइलो, बरसिम, कुड्जु, सिराट्रो, सेन्ट्रो, बोडी, व्हाइट क्लोभर, रेडक्लोभर, कोते, लुसर्न, डेस्मोडियम, केराउ, भेच, ज्वाइन्ट भेच लगायत अन्य महत्वपूर्ण घाँसहरू
 ३.१५.२. अकोसे घाँसः- नेपियर, पारा, सेटारिया, किक्यु, राइग्रास, कक्सफुट, जै, टिओसेन्टी, मुलाटो, अम्लिसो, लगायत अन्य घाँसहरू
 ३.१५.३. डाले घाँसहरूः- इपिलइपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, पैयू, बकाइनो, निमारो, भिमसेनपाती, बैंस, भोटेपिपल, बाँस, कुटमिरो, भटमासे, मेन्दोला, ईन्दु, आदि।
३.१६ उन्नत व्यवस्था अनुसार पशुपन्छीको गोठ, खोर निर्माण र सरसफाई
३.१७ विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार तथा आहाराको व्यवस्थापन
३.१८ असल पशुपालन अभ्यास
३.१९ पशुपन्छी पालनमा जैविक सुरक्षा (Bio-security) को महत्व तथा विधिहरू
३.२० दूध प्रशोधन (Pasteurization) गर्ने विधि
३.२१ दूध तथा दुग्धपदार्थको गुणस्तर मापदण्ड तथा परीक्षण
३.२२ दुग्धजन्य पदार्थहरू बनाउने विधिः क्रिम, बटर, चिज, छुर्पी, घीउ, कुरौनी (खुवा) पेडा, आइसक्रिम, दही, ललिपप, आदि बनाउने विधि
३.२३ बजारीकरणमा दूध विविधीकरणको महत्व

**४. फिसरिज**

४.१ माछाको बाहिरी स्वरूप, विभिन्न अंग र ती अंगका कार्यहरू
४.२ माछापालनको महत्त्व र माछामा पाइने पौष्टिक तत्वहरू
४.३ पोखरीमा पालन योग्य माछाको जातहरू र जातीय विशेषता
४.४ मत्स्यपालनका लागि स्थल छनौट तथा माटोको गुणस्तर बारे जानकारी
४.५ पोखरी निर्माणका चरणहरू र रेखाङ्कन
४.६ माछापालनको लागि पोखरीको तयारी व्यवस्थापन (Pre- stocking management) एवम् पोखरीका प्रकारहरू र तिनको महत्त्व बारे जानकारी
४.७ पोखरी तयार गरी सकेपछि गरिने कार्यहरू (Post- stocking Management)
४.८ पोखरीको मलिलोपना जाँच्ने विधि
४.९ पुरानो पोखरीको मर्मत सम्भार तथा व्यवस्थापन
४.१० पानीको भौतिक, रासायनिक र जैविक गुणबारे जानकारी एवम् पहिचान विधि (Detection methods)
४.११ माछापालनको लागि पानीको गुणस्तरका सुचकहरू र मापनस्तर
४.१२ मत्स्य यान्त्रीकरण र व्यावसायिक मत्स्यपालनमा यसको महत्त्व
४.१३ माउ माछा व्यवस्थापन एवम् परिपक्वता पहिचान र छनौट विधि
४.१४ मत्स्य प्रजनन तथा यसका लागि प्रयोग हुने हर्मोनहरू तथा रसायनहरू
४.१५ मत्स्य ह्याचरीको विभिन्न संरचनाहरू
४.१६ मत्स्य नर्सरी पोखरीको व्यवस्थापन
४.१७ मत्स्य पालन गर्न मत्स्य भुराको छनौट, स्टकिङ साइज, दर र प्रजनन समयबारे जानकारी
४.१८ माछाको लागि आवश्यक पोषण र पाइने स्रोत बारे जानकारी

४.१९ स्थानीय स्तरमा माछाको दाना बनाउने तरिका एवम् भण्डारण बिधि

४.२० पोखरी मत्स्यपालन (Pond fish culture),

४.२१ पिंजडामा मत्स्यपालन (Cage fish culture)

४.२२ रेसवेमा मत्स्यपालन (Raceway culture)

४.२३ मत्स्यपालनका तरिका (माछाको जातको आधारमा)

- ४.२३.१ एकजातीय मत्स्यपालन (Monoculture)
- ४.२३.२ बहुजातीय मत्स्यपालन (Polyculture)

४.२४ मत्स्यपालनका तरिका (सघनताको आधारमा)

- ४.२४.१. सामान्य मत्स्यपालन (Extensive culture)
- ४.२४.२. अर्धसघन मत्स्यपालन (Semi-intensive culture)
- ४.२४.३. सघन मत्स्यपालन (Intensive/Super Intensive culture)

४.२५ एकीकृत मत्स्यपालन (Integrated fish culture) तथा व्यवस्थापन

- ४.२५.१ धानखेतमा मत्स्यपालन (Rice - fish culture)
- ४.२५.२ पशुपालन र मत्स्यपालन (Livestock and fish culture)
- ४.२५.३ फलफूल, तरकारी खेती र मत्स्यपालन (Horticulture and fish culture)

४.२६ मत्स्यपालनमा अपनाइएका पद्धतिहरू एवम् नवीनतम प्रबिधिहरू

४.२७ माछापालनका जोखिमहरू एवम् मत्स्य बीमाबारे जानकारी

४.२८ माछापालनमा देखा पर्ने प्रतिपक्षी जीवहरू (Predators) र तिनको व्यवस्थापन विधि

४.२९ माछामा देखा पर्ने रोग र परजीवीहरूको पहिचान र व्यवस्थापन बारे जानकारी

४.३० मत्स्यपालनमा अभिलेखको महत्त्व तथा मत्स्य उत्पादन र बजारीकरण

## खण्ड (Section) (C)

१. नेपालको संविधानको भाग १ देखि ५ र भाग १३ देखि २२ सम्म तथा अनुसूचीहरू
२. प्रदेश निजामती सेवा ऐन, २०७९ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
३. प्रदेश निजामती सेवा नियमावली, २०८१ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
५. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
६. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
७. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (कोशी प्रदेश) सम्बन्धी सामान्य जानकारी
८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ (कोशी प्रदेश) को परिच्छेद- १ र परिच्छेद- ६ सम्बन्धी जानकारी
९. कोशी प्रदेशको योजनावद्ध विकास तथा चालु आवधिक योजनासम्बन्धी सामान्य जानकारी

**नोटः प्रथमपत्रको वस्तुगत प्रश्न सामान्यतया देहाय अनुसारका इकाइबाट देहाय अनुसार प्रश्न सोधिने छ।**

| विवरण | खण्ड A | | खण्ड B | | खण्ड C | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाइ | १ | २ | ३ | ४ | १ | २-३ | ४ | ५-६ | ७-८ | ९ |
| प्रश्न संख्या | १० | १० | ६ | १४ | २ | २ | २ | २ | १ | १ |

**द्वितीय पत्रको विषयगत प्रश्न सामान्यतया देहाय अनुसारका इकाइबाट देहाय अनुसार प्रश्न सोधिने छ।**

| विवरण | खण्ड A | | | | खण्ड B | | | खण्ड C | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाइ | १ | | २ | | ३ | ४ | | १ | २-३-४ | ५-६-७ | ८-९ |
| पूर्णाङ्क | १० | ५ | १० | ५ | ५ | १० | ५ | ५ | ५ | ५ | ५ |
| प्रश्न संख्या | १ | २ | १ | २ | २ | २ | २ | १ | १ | १ | १ |

प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा, भेटेरिनरी/ला.पो. एण्ड डे.डे./फिसरिज समूह, चौथो तह, ना.प.स्वा.प्रा./ना.प.से.प्रा./ना.प्रा.स. पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

## कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

### परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Devanagari Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Word Processing | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

## Contents

**1. Windows basic, Email and Internet**

- Introduction to Graphical User Interface
- Use & Update of Antivirus
- Concept of virus, worm, spam etc.
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of file, folder, menu, toolbar
- Searching files and folders
- Internet browsing & searching the content in the web
- Creating Email ID, Using email and mail client tools
- Basic Network troubleshooting (checking network & internet connectivity)

**2. Word processing**

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Copying, Moving, Deleting and Formatting Text
- Paragraph formatting (alignment, indentation, spacing etc.)
- Creating lists with Bullets and Numbering
- Creating and Manipulating Tables
- Borders and Shading
- Creating Newspaper Style Documents Using Column
- Security Techniques of Document
- Inserting header, footer, page number, Graphics, Pictures, Symbols
- Page setting, previewing and printing of documents
- Mail merge

**3. Presentation System**

- Introduction to presentation application
- Creating, Opening & Saving Slides
- Formatting Slides, Slide design, Inserting header & footer
- Slide Show
- Animation
- Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

**4. Electronic Spreadsheet**

- Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)

- Creating, Opening and Saving Work Book
- Editing, Copying, Moving, Deleting Cell Contents
- Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
- Formatting Rows, Column and Sheets
- Using Formula with Relative and Absolute Cell Reference
- Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
- Sorting and Filtering Data
- Inserting Header and Footer
- Page Setting, Previewing and Printing

**<u>अंग्रेजी वा देवनागरी Typing Skill Test को लागि निर्देशनः-</u>**

1. देवननागरी Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ५ वा सोभन्दा बढी ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ७.५ वा सोभन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १० वा सोभन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १२.५ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १५ वा सोभन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| १७.५ वा सोभन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २० वा सोभन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| २५ वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

2. English Typing Skill Test को लागि देहायअनुसार अंक प्रदान गरिनेछः-

| शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अङ्क |
| ६ वा सोभन्दा बढी ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अङ्क |
| ९ वा सोभन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अङ्क |
| १२ वा सोभन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अङ्क |
| १५ वा सोभन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अङ्क |
| १८ वा सोभन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अङ्क |
| २१ वा सोभन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अङ्क |
| २४ वा सोभन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अङ्क |
| २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अङ्क |
| ३० वा सोभन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अङ्क |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ। दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लिखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन। तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct Words/minute) गणना गरिनेछ।

**<u>Formula:</u>**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\textbf{\textit{Total words typed}} - \textbf{\textit{Wrong words}})}{\mathbf{5}}$$

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत कृषि सेवा, भेटेरिनरी/ला.पो. एण्ड डे.डे./फिसरिज समूह, चौथो तह, ना.प.स्वा.प्रा./ना.प.से.प्रा./ना.प्रा.स. पदको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**नमूना प्रश्नहरू**

**बहुवैकल्पिक प्रश्नहरू**

१. दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१ अनुसार दाना पदार्थमा मिसावट भएको वा न्यून गुणस्तरको भएको शंका लागेमा नमूना संकलन गरी विश्लेषणका लागि पठाउने मुख्य जिम्मेवारी कसको हुन्छ?

(A) प्राविधिक सहायक (B) दाना निरीक्षक (Feed Inspector)
(C) सम्बन्धित दुग्ध विकास संस्थान (D) भेटेरिनरी अधिकृत

२. गाईभैंसीमा व्याइसकेपछि रगतमा क्याल्सियम (Calcium) को कमीका कारण मांसपेशीहरू कमजोर भई उठ्न नसक्ने प्रमुख मेटाबोलिक रोग (Metabolic Disease) कुन हो?

(A) किटोसिस (Ketosis) (B) मिल्क फिभर (Milk Fever)
(C) हाइपोम्याग्नेसामिया (Hypomagnesemia) (D) थुनेलो (Mastitis)

३. पशुपन्छीको आहारा व्यवस्थापन अन्तर्गत घाँसलाई पोषणतत्व नष्ट नहुने गरी हावा प्रवाह नहुने खाडल वा साइलो (Silo) मा कुहाएर (Fermentation) अमिल्याएर राख्ने विधिलाई के भनिन्छ?

(A) हे (Hay) (B) पराल उपचार (Straw Treatment)
(C) साइलेज (Silage) (D) कन्सिट्रेट दाना (Concentrate Feed)

४. माछापालनको व्यवस्थापन अन्तर्गत भुरा पोखरीमा छाड्नुभन्दा अगाडि (Pre-stocking management) शत्रु जीव तथा प्रतिपक्षी जीवहरू (Predators) र अनावश्यक कीराहरू मार्नका लागि पोखरीमा तल दिइएका मध्ये कुन रसायन वा जैविक पदार्थको प्रयोग बढी सुरक्षित र उपयुक्त मानिन्छ?

(A) फर्मालिन (Formalin) (B) महुआको पिना (Mahua Oil Cake)
(C) कपर सल्फेट (Copper Sulphate) (D) मेलाथियन (Malathion)

५. कुखुरा पालनमा अत्यधिक संक्रामक र मृत्युदर बढी हुने भाइरल रोग जसमा कुखुराको न्याल कडा हुने, हरियो छेर्ने, र टाउको बटारिने (Nervous symptoms) लक्षण देखिन्छ, त्यो कुन रोग हो?

(A) गम्बोरो (Gumboro) (B) म्यारेक्स रोग (Marek's Disease)
(C) रानीखेत (Ranikhet / Newcastle Disease) (D) पुलोरम (Pullorum)

**विषयगत छोटो उत्तर आउने प्रश्नहरू**

१) पशुपन्छी पालनमा जैविक सुरक्षा (Bio-security) भन्नाले के बुझिन्छ? फार्ममा जैविक सुरक्षा कायम गर्न अपनाउनुपर्ने प्रमुख उपायहरू बुँदागत रूपमा लेख्नुहोस्। (५)

२) अर्धसघन मत्स्यपालन (Semi-intensive Fish Culture) र सघन मत्स्यपालन (Intensive Fish Culture) बीचका प्रमुख भिन्नताहरू स्पष्ट पार्नुहोस्। (५)

**विषयगत लामो उत्तर आउने प्रश्नहरू**

३) कोशी प्रदेशको अर्थतन्त्रमा पशुपन्छी तथा मत्स्य विकासको महत्त्व र योगदान उल्लेख गर्दै यस क्षेत्रका प्रमुख समस्याहरू र ती समस्याहरू समाधानका लागि प्रदेश तथा स्थानीय सरकारले खेल्नुपर्ने भूमिकाहरूबारे विस्तृत चर्चा गर्नुहोस्। (३+३+४)

४) नेपालमा बाख्रा तथा कुखुरा पालनमा देखा पर्ने रानीखेत (Ranikhet) र पि.पि.आर (PPR) बाहेक प्रमुख दुई/दुई वटा भाइरल (Viral) र ब्याक्टेरियल (Bacterial) रोगहरूको सूची बनाउनुहोस् र रानीखेत (Ranikhet) र पि.पि.आर (PPR) रोगको प्रमुख लक्षण, उपचार, रोकथाम र खोप तालिका (Vaccination Schedule) बारे विस्तृत विवरण दिनुहोस्। (३+७)